स्थानीय सरकार

# फक्ताङलुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

तापेथोक, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

प. सं. २०८२।०८३

च. नं. ६०९

मितिः २०८२।१२।२२

ने.स. ११४६ चौलागा पारु

श्री माध्यमिक तथा आधारभुत तह (कक्षा १-८) संचालित विद्यालयहरु सबै,
फक्ताङलुङ गाउँपालिका, ताप्लेजुङ ।

विषयः प्रस्तावना पेश गर्ने सम्वन्धमा ।

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. ४२६ मिति २०८२/०३/०४ गतेको पत्र वमोजिम आ.व. २०८२/८३ मा स्थानीय तहका लागि सशर्त अनुदानमा वित्तिय हस्तान्तरण भएका कार्यक्रम सम्वन्धमा प्राप्त पत्रानुसार यस आठराई त्रिवेणी गाउँपालिकालाई कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२/८३ को अधिनमा रही कार्यन्वयन गर्ने गरी क्रियाकलाप नं. २.७.१३.१३ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान को उपक्रियाकलाप नं. (ख) विद्यालयमा भर्चुअल शिक्षण, इलर्निङ, पुस्ताकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालनको लागि रु. १० लाख बजेट विनियोजन भएकोले बजेट र कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२/८३ को अधिनमा रही यो सूचना प्रकासन भएको मितिले १५ दिन भित्र प्रस्तावना पेश गर्नु हुन अनुरोध छ ।

नवीन तेम्बे
प्रमुख प्रशासकीय अधिकृत

**ख) विद्यालयमा भर्चुअल शिक्षण, इलर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तया उपकरण व्यवस्थापन र सञ्चालन प्रति विद्यालय वार्षिक रु १० लाख**

१. शिक्षा तथा मानव स्रोत विकास केन्द्रको च.नं. ४२६ मिति २०८२।०३।०४ को पत्रानुसार यस कार्यक्रमहरूमा तोकिएको स्वीकृत कोटा तथा बजेटको परिधिमा रही तपसिल अनुसार विद्यालय छनोट गर्ने। विद्यालय छनोट गर्दा स्थानीय तहले प्रस्ताव माग गरी देहायका आधारमा प्राथमिकता तय गरी छनोट गर्नेः
- पुस्तकालय, विज्ञान प्रयोगशाला तथा ICT को सुविधा नभएका / पर्याप्त नभएका विद्यालय
- विद्यार्थी सङ्ख्या उंच्च रहेका विद्यालय
- विद्यालयमा कम्प्युटर विषय अध्यापन गर्ने विद्यालय
- आवश्यक कोटा तथा अन्य पूर्वाधार रहेका विद्यालय

२. स्थानीय तहले विद्यालयमा पुस्तकालय, प्रयोगशाला तथा ICT पूर्वाधारको अवस्थाको विद्यालयगत सूची तयार गर्ने। सो सूची मध्येबाट सबै माध्यमिक तहले यस प्रकारको एक पटक अनुदान प्राप्त गरी सकेको सुनिश्चित गरी उच्च विद्यार्थी सङ्ख्या भएको अनुमतिले जेष्ठता क्रममा आधारभूत तह कक्षा १-८ सञ्चालित विद्यालयलाई अनुदान उपलब्ध गराउने गरी विद्यालयबाट प्रस्ताव माग गर्ने। विद्यालयको प्रस्ताव मूल्याङ्कन गरी स्वीकृत कोटा बमोजिम एक भन्दा बढी कार्य आवश्यक भएमा सो समेत गर्ने गरी विद्यालयका विद्यालय छनोट गर्ने,

३. छनोट भएका विद्यालयलाई प्रति विद्यालय एकमुष्ट १० लाखका दरले अनुदान दिने,

४. यस कार्यक्रम कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालयको आवश्यकताको सूचीलाई आधार मानी औचित्यताको आधारमा स्थानीय तहले विनियोजित बजेटबाट खरिद गर्ने सामग्रीको स्पेसिफिकेसन स्वीकृत गरी विद्यालयलाई उपलब्ध गराउने,

५. अनुदान प्राप्त विद्यालयले पुस्तकालय विस्तारका लागि छनोट भएका पाठ्यपुस्तक, पाठ्यक्रम, शिक्षक निर्देशिका, सन्दर्भ सामग्री खरिद गर्ने। लाइब्रेरीका लागि आवश्यक फर्निचरहरू जस्तैः पुस्तक यक, बसाइ व्यवस्थाका लागि कुर्सी टेवुल लगायतका सामग्री व्यवस्था गर्न कुल बजेटको २५% सम्म वजेट नियमानुसार खर्च गर्ने।

६. विद्यालयले खरिद गरेका पुस्तकको सूची अनिवार्यरूपले स्थानीय तहमा पेस गर्नुपर्ने छ। यस वापत प्राप्त अनुदानवाट विद्यार्थीको पठनपाठनसँग असम्वन्धित र असान्दर्भिक पुस्तक तथा सामग्री खरिद गर्न पाइने छैन। विद्यालयले पुस्तकालयमा पुस्तक व्यवस्था गर्दा कक्षा ११ र १२ का लागि पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत सामग्री अनिवार्य रूपमा समावेश गर्नुपर्ने,

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२/०८३

नवीन तेम्बे
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
(योजना तथा अनुगमन शाखा)

सानोठिमी, भक्तपुर
फोन नं. ०१-६६३५१३४

प.सं.:०८१/८२
च.नं. ४२६

मितिः २०८२।०३।०४

श्री स्थानीय तह
सबै।

विषयः आंव ०८२।८३ मा स्थानीय तहका लागि सशर्त अनुदानमा वित्तीय हस्तान्तरण भएका कार्यक्रम सम्बन्धमा।

प्रस्तुत विषयमा आव ०८२।८३ मा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतका बजेट उपशीर्षकमा सशर्त अनुदानमा वित्तीय हस्तान्तरण भएका क्रियाकलाप LMBIS बाट जानकारी भएकै छ। उक्त क्रियाकलापहरु कार्यान्वयन गर्दा अधिकांश कार्यक्रम IEMIS बाट प्राप्त अद्यावधिक विद्यालय/शैक्षिक संस्था/विद्यार्थी सङ्ख्या एवम् स्वीकृत दरबन्दी तथा अनुदानमा कार्यरत शिक्षक सङ्ख्याका आधारमा वितरण हुने तथा सोबाहेकका क्रियाकलाप यसै साथ संलग्न सूचीमा उल्लेख भए अनुसार रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ। साथै समग्र कार्यक्रम कार्यान्वयनका लागि कार्यक्रम कार्यान्वयन कार्यविधि ०८२।८३ मा विस्तृत प्रक्रियासहित उल्लेख हुने व्यहोरा निर्णयानुसार अनुरोध छ।

देवी पराजुली
शाखा अधिकृत

पुनश्चः आगामी आवका लागि बालबिकास शिक्षक, विद्यालय कर्मचारी र विद्यालय सहयोगी कर्मचारीको मासिक तलबभत्ता क्रमशः रु १२०००,१५००० र १०००० सङ्घीय सरकारबाट विनियोजन भएको व्यहोरा अनुरोध छ।

CS Scanned with CamScanner